नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना व्यवस्थापन एकाइ

खुमलटार, ललितपुर

प.स. ०८१/८२ (पूर्वाधार)
च.नं. ३८८

मितिः २०८१/०९/१६

**विषयः- समन्वय सम्बन्धमा ।**

श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना
परियोजना कार्यान्वयन एकाइ
झापा, मोरङ्ग, सिरहा, धनुषा, सर्लाही, बारा, चितवन, नवलपरासी पूर्व, रुपन्देही, कपिलवस्तु, दाङ्ग, बर्दिया कैलाली र कंचनपुर।

उपरोक्त विषयमा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन, ललितपुरको च.न.१९६, मिति २०८१/०९/१६ को पत्रानुसार तँहा केन्द्रको आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम **"तराईका जिल्लाहरुमा कष्टम हायरिङ्ग सेन्टर स्थापना"** रहेको र उक्त कार्यक्रम संचालनको लागि आवेदन आव्हान गर्दा पर्याप्त आवेदन दर्ता नपरेकोको पुनः सूचना (सूचनाको प्रतिलिपी संलग्न छ।) प्रकाशन गरेको छ। उक्त सूचना बमोजिम त्यस कार्यन्वयन एकाइ अन्तर्गतका कृषक/कृषक समूह/ कृषि सहकारीहरुलाई सूचना प्रवाह साथै आवश्यक समन्वय गरिदिन हुन निर्देशानुसार अनुरोध छ।

.................................
डा.इ.जीत बहादुर चन्द
वरिष्ठ कृषि इन्जिनियर
NEC No: 83 "Agriculture"

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विभाग
कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र
हरिहरभवन, ललितपुर
फोन नं.:५४२२४३९/५४२४२२८,इमेल:
campid2075@gmail.com
Website: http://caidmp.gov.np

## पुन: प्रकाशित मिति: २०८१/०९/०५

कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र र USAID को साझेदारीमा संचालित USAID Agricultural Direct Financing Project को चालु आ.व. २०८१/२०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार साझेदारीमा कस्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन कार्यक्रम रहेको हुँदा तराई क्षेत्रका कृषक समूह/कृषि सहकारी /निजी क्षेत्रहरुको प्राथमिकता सहितको सूचिकरण गर्नको लागि ईच्छुक सम्पूर्ण आवेदकहरुलाई दरखास्त पेश गर्नको लागि पहिलो पटक मिति २०८१/०७/२५ मा सूचना प्रकाशित गरिएकोमा ३० दिनको म्यादभित्र पर्याप्त आवेदन दर्ता नभएकोले यो सूचना पुन: प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र "कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन सम्वन्धि कार्यविधि, २०८१" को अनुसूची २ बमोजिमको आवेदन र अनुसूची ३ बमोजिमको प्रस्ताव इच्छुक आवेदकहरुले यस केन्द्रमा दर्ता गर्न हुन अनुरोध गरिन्छ। पहिलो पटक प्रकाशित सूचना बमोजिम प्रस्ताव पेश गरिसकेका आवेदकहरुले पुन: प्रस्ताव पेश गर्नु पर्ने छैन। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु स्वत: रद्द हुनेछन्। "कष्टम हायरिङ्ग सेन्टर स्थापना तथा संचालन सम्वन्धि कार्यविधि, २०८१" यस केन्द्रको वेबसाइटमा हेर्न र डाउनलोड गर्न सकिनेछ।

नोट: इमेल मार्फत पठाइएको सम्पूर्ण कागजातहरु **PDF Format** मा हुनुपर्नेछ।